# दोश्रो प्राथमिकताका सर्वसाधारणलाई कोभिशिल्ड खोप दिने तयारीमा स्वास्थ्य कार्यालय

खोटाङ टुडे संवाददाता

खोटाङ/कोभिड-१९ बाट प्रभावितमध्ये दोश्रो प्राथमिकतामा परेका खोटाङका सर्वसाधारणलाई आगामी फागुन २३ गतेदेखि खोप दिने तयारी गरिएको छ । कोभिड-१९ बाट प्रभावितमध्ये दोश्रो प्राथमिकताको रुपमा पहिचान गरिएका लक्षित समुहलाई फागुन २३ गतेदेखि फागुन २९ गतेभित्रमा कोभिशिल्ड खोप दिने तयारी गरिएको हो । जिल्ला स्तरिय खोप समन्वय तथा अनुगमन समितिको शुक्रबार बसेको बैठकमा कोभिड-१९ बाट प्रभावितमध्ये दोश्रो प्राथमिकतामा परेका सर्वसाधारणलाई खोप दिनका लागि पालिका स्तरिय खोप योजना बनाइएको जानकारी दिइएको छ ।

पहिलो चरणमा फागुन २३ गतेदेखि फागुन २९ गतेभित्र ऐसेलुखर्क गाउँपालिका, केपिलासगढी गाउँपालिका, रावाबेँसी गाउँपालिका, साकेला गाउँपालिका, दिप्रङ चुइचुम्मा गाउँपालिका, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका र हलेसी तुवाचुङ नगरपालिकाका लक्षित समुहलाई खोप दिने योजना बनाइएको स्वास्थ्य कार्यालय खोटाङका प्रमुख पुण्यप्रसाद सिग्देलले बताए । यस्तै, दोश्रो चरणमा आगामी चैत २ गतेदेखि चैत ८ गतेभित्र बराहपोखरी गाउँपालिका, जन्तेढुंगा गाउँपालिका र खोटेहाङ गाउँपालिकाका लक्षित समुहलाई खोप दिने तयारी गरिएको छ ।

५५ वर्षदेखि ७४ वर्ष, ४० वर्षदेखि ५४ वर्ष उमेर समुहमध्ये क्यान्सर, मुटु तथा मिर्गौला जस्ता दीर्घ रोग भएका व्यक्ति, दीर्घ रोग भएका अन्य व्यक्ति, वैदेसिक रोजगारबाट नेपाल फर्केका र नेपालमा रहेका शरणार्थीमध्ये दीर्घ रोग भएका व्यक्तिलाई दोश्रो प्राथमिकताको रुपमा खोप दिने सरकारको तयारी छ ।

दोश्रो प्राथमिकताको रुपमा पहिचान गरिएका लक्षित समुहलाई खोप दिनका लागि शनिबारदेखि स्वास्थ्यकर्मी लगायतलाई आवश्यक तालिम, अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने जिल्ला स्तरिय खोप समन्वय तथा अनुगमन समितिले जनाएको छ । पहिलो प्राथमिकतामा परेका लक्षित समुहका १ हजार ७४० जनालाई खोप दिइएकामा पु:न दोश्रो प्राथमिकतामा परेका करिब ४३ हजार जनालाई खोप दिने लक्ष्य राखिएको छ । खोप शिविर तीन/तीन दिन सञ्चालन गरिने स्वास्थ्य कार्यालयका प्रमुख सिग्देलले बताए । पहिलो प्राथमिकतामा परेका लक्षित समुहलाई गत माघ १५ गतेदेखि २४ गते र फागुन २ गतेदेखि ११ गतेभित्र दुई चरणमा कोभिशिल्ड खोप दिइएको थियो ।

यसअघि जिल्ला अस्पताल दिक्तेल, प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्क र स्वास्थ्यचौकी खोटाङबजारबाट कोभिड बिरुद्धको खोप लगाउने व्यवस्था गरिएकामा दोश्रो प्राथमिकताका लक्षित समुहलाई भने हरेक वडाबाटै खोप दिने तयारी भइरहेको छ । स्वास्थ्यकर्मीका अनुसार खोप लगाइएकामध्ये कतिपयलाई थकान हुने, ज्वरो आउने, टाउको, जिउ दुख्ने लगायतका समस्या देखिने गरेको छ । जिल्ला स्तरिय खोप समन्वय तथा अनुगमन समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माको अध्यक्षतामा भएको बैठकमा जिल्ला समन्वय समितिका प्रमुख ववि चाम्लिङ लगायतको उपस्थिति थियो ।

## दिप्रुङ चुईचुम्मा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### याङसोलाटार खोटाङ
## करार सेवामा पदपूर्ति सम्बन्धि सूचना

**प्रकाशित मिति २०७७/११/१७**

यस दिप्रुङ चुइचुम्मा गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको लागि रोजगार संयोजकको पदपूर्ति र सेवा सम्वन्धि मापदण्ड, २०७६ बमोजिम मिति २०७६/०९/०१ गते आह्वान गरिएको रोजगार संयोजक पदको विज्ञापनका लागि दुई जना उम्मेदवारहरुको आवेदन परेकाले संक्षिप्त सूची प्रकाशन गरी मिति २०७७/११/१६ गते परीक्षा मिति तय गरेकोमा दुवै जना परीक्षार्थी परीक्षामा अनुपस्थित भएकाले रोजगार संयोजक पदको पुन: विज्ञापन गर्ने यस कार्यालयको निर्णय र गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धि प्रकृया अनुसार प्राविधिक सहायक करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ । साथै उल्लेखित कार्यविधि वमोजिमको आवेदन पेश गर्ने ढाँचा यस कार्यालय वा यस गाउँपालिकाको वेबसाइट www.diprungmun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**तपसिल :**

१. आवश्यक पद संख्या :

| क्र. सं. | विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ११/प्र.रो.का./२०७७-७८ | रोजगार संयोजक | अधिकृत स्तर छैटौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह<br>कम्प्युटरमा आधारभूत ज्ञान भएको | १००० |
| २. | १२/प्र.रो.का./२०७७-७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभर सियर वा डिप्लोमा तह उर्त्तिण<br>कम्तीमा ३ महिने कम्प्युटर सम्बन्धि तालिम लिई आधारभुत ज्ञान भएको<br>सम्बन्धित क्षेत्रमा कम्तीमा ६ महिनाको अनुभव | ५०० |

२. **सेवाको किसिम** : अस्थायी (करार सेवा)

३. **दरखास्तका साथ संलग्न हुनुपर्ने कागजातहरु** :
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
- प्राविधिक सहायकको हकमा समयावधि खुलेको कार्य अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

४. **उमेरको हद** :
- रोजगार संयोजक पदको हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
- प्राविधिक सहायक पदको हकमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको

५. **तलवभत्ता तथा अन्य सेवा सुविधाहरु** : प्रधानमन्त्री रोजगार कार्यक्रममा तोके बमोजिम हुनेछ ।

६. **परीक्षा दस्तुर बुझाउने प्रकृया** : सानीमा बैंक दिप्रुङ शाखा ओखेमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०७१०१००४००००१४ (GA 1.1 ANTARIK RAJASHWO KHATA) मा जम्मा गरी उक्त भौचर दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।

७. **दरखास्त फाराम बुझाउने स्थान** : दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालय प्रशासन शाखा अथवा यस कार्यालयको ईमेल ठेगाना info@diprungmun.gov.np/diprungrmun2077@gmail.com मार्फत समेत आवश्यक कागजातहरु PDF बनाई मर्ज गरी बैंक भौचर सहितको आवेदन साथ ईमेल गर्न सकिनेछ ।

८. **सम्पर्क मिति** : दरखास्त पेश गर्ने मितिको भोलिपल्ट ।

९. **परीक्षाको किसिम** : प्रधानमन्त्री रोजगार कार्यक्रम बमोजिम ।

१०. **परीक्षा मिति र समय** : प्रारम्भिक सूची प्रकाशन भएपछि तोकिनेछ ।

११. **थप जानकारीको लागि** : ९८५२८३२६४५,९८१६७४३८१०, ९८१३८५११६३ मा सम्पर्क गर्नुहोला ।

१२. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्ध गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**नोट** : दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समय भित्र दस्खास्त पेश गर्नुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

"आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माण कार्यमा सहभागी बनौं, विकासका हरेक काम कारबाहीमा जानकारी राखौं, प्रत्येक घर परिवारले अनिवार्य रुपमा शौचालयको प्रयोग गरौं, आफ्नो घरआगन तथा सार्वजनिकस्थल सधैं सफा राखौं ।"

**खोटेहाङ गाउँपालिकाको कार्यालय**
**खोटाङबजार**

**केपीलासगढी गाउँपालिकाको लेकाली जंगलमा पाइने दुर्लभ रेडपाण्डा संरक्षण गरौं ।**

**केपीलासगढी गाउँपालिकाको कार्यालय बाक्सिला, खोटाङ**